मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : २८६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ भदौ १६ गते बिहीबार (Thursday, September 1. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## हात्तीको आक्रमणबाट बृद्धको मृत्यु

**झापा, भदौ १५।** झापाको बाह्रदशी गाउँपालिका-१का ८० बर्षीय देवीबहादुर अधिकारीको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको छ।

मनकामना सामुदायिक बनमा घाँस काट्न गएका अधिकारीलाई हात्तीले आक्रमण गरी घाइते बनाएको थियो। हात्तीको आक्रमणबाट घाइते भएका अधिकारीलाई उपचारको लागि धरान घोपा लैजाने क्रममा बाटोमा नै मृत्यु भएको प्रहरीले जनाएको छ।

# ई-रिक्सा अब स्थानीय तहलाई



**झापा, भदौ १५।** तीन पाङ्ग्रे ई-रिक्सा अब स्थानीय तहमा दर्ता हुने भएका छन्।

१ नम्वर प्रदेश सरकारले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन कार्यान्वयनमा ल्याएसँगै यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयले तीन पाङ्ग्रे ई-रिक्सा स्थानान्तरणका लागि प्रक्रिया अघि बढाएको हो। जसका लागि मन्त्रालयले प्रदेश १का विभिन्न ठाउँमा ई-रिक्सा स्थानान्तरणका लागि छलफल समेत अघि बढाएको छ।

२०८० साल असार मसान्तभित्र आफ्नो स्वामित्वमा रहने गरी स्थानीय तहमा अधिकार प्रत्यायोजनका लागि प्रदेश सरकारले तीन पाङ्ग्रे ई-रिक्सा स्थानान्तरणको काम अघि बढाएको प्रदेश नम्वर १का यातायात व्यवस्था तथा सञ्चारमन्त्री उपेन्द्रप्रसाद घिमिरे बताए।

बिर्तामोडमा बुधवार आयोजित कार्यक्रममा बोल्दै मन्त्री घिमिरेले ई-रिक्साको व्यवस्थापनका लागि सरकारले यस्तो नीति लिएको बताए। झापाका १५ वटै स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरु सहभागी कार्यक्रममा क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय इटहरीका प्रहरी उपरीक्षक श्याम कुमार महतोले सडक र सवारीको अवस्थाको विषयमा जानकारी गराएका थिए। वर्षौ अघि बनेका सडकको स्तरोन्नति नहुनु सडक दुर्घटनाको मुख्य कारण भएको भन्दै ई-रिक्सालाई स्थानीय तहका ग्रामीण सडकमा मात्रै सञ्चालनको अनुमति दिनुपर्ने धारणा राखेका थिए।

२०७९ असोज मसान्तसम्म यातायात व्यवस्था कार्यालयबाट तीन पाङ्ग्रे ई-रिक्साको दर्ता, नवीकरण तथा नामसारी गरिने र त्यसपछि सबै काम स्थानीय तहबाटै हुने कार्यक्रममा जानकारी गराइएको थियो।

कार्यक्रममा दमक नगरपालिकाका प्रमुख राम थापा, बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मी, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी लगायतले बोलेका थिए।

ई-रिक्सा स्थानीय तहमा दर्ता गर्दा ६० प्रतिशत आम्दानी स्थानीय तहलाई हुने कार्यक्रममा जानकारी गराइयो। ४० प्रतिशत मात्रै राजश्व प्रदेश सरकारलाई दिनुपर्ने र ६०प्रतिशत राजश्व स्थानीय तहलाई हुने भएकाले ई-रिक्सा स्थानीय तहमा दर्ता गर्ने व्यवस्थासँगै पालिकाको आम्दानीको स्रोत बढ्ने समेत बताइएको छ।

ई-रिक्सा दर्ता गर्दा पालिकाको जनसंख्या, क्षेत्रफल, सडकको अवस्थालाई ध्यानमा राखी संख्या तोक्न सान्दर्भिक हुने बताइएको छ। स्वरोजगारमूलक कार्यक्रममा भएकाले एउटा नागरिकको नाममा एउटा मात्र ई-रिक्सा दर्ताका लागि प्रोत्साहन गरिनुपर्ने सुझाव दिइएको छ।

ई-रिक्सा चालकको परिचयपत्र खुल्ने गरी कार्डको व्यवस्थापन गर्नुपर्ने र ई-रिक्सा दर्ता गर्दा व्यक्तिगत भए नागरिकता प्रमाणित प्रतिलिपि नम्बर र संस्थागत भए निवेदन दिने व्यक्तिको नागरिकता नम्बर राखी समूहगत रुपमा दर्ता गर्न सुझाव दिइएको छ।

कार्यक्रममा दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई, यातायात व्यवस्था कार्यालय झापाको प्रमुख हरि लामिछाने, बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष भवानीप्रसाद खतिवडा, अर्जुनधारा उपप्रमुख खड्गमाया पराजुली, शिवसताक्षी नगरपालिका उपप्रमुख नरमाया कार्की, कनकाई उपप्रमुख आशा शर्मा शिवाकोटी, कचनकवल गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशी, मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेती लगायत सहभागी थिए।

# कमलमा प्रादेशिक आयुर्वेद अस्पताल



**उमानाथ भण्डारी**

**कमल, भदौ १५।** झापाको कमल गाउँपालिका-६स्थित प्रादेशिक आयुर्वेद अस्पतालको बुधवार एक कार्यक्रमकाबीच १ नम्वर प्रदेशका स्वास्थ्यमन्त्री जयराम यादव र कृषिमन्त्री झलक सिंह दर्लामी (सन्देश) ले संयुक्त रुपमा उद्घाटन गरेका छन्।

अस्पताल उद्घाटन भएपछि स्थानीयवासी खुशी भएका छन्। २०७५ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको अस्पताल मन्त्रीद्वयले संयुक्त रुपमा उद्घाटन गरेका हुन्।

मन्त्री यादवले भूमिदान महादान भएको बताउँदै यस्तो पवित्र कामका लागि जग्गा दिने दातालाई धन्यवाद दिए। यस्ता दानवीरले जग्गादान गरेका कारण आज यस ठाउँमा अस्पताल निर्माण भएको बताउँदै मन्त्री यादवले भने- अब अस्पतालको सञ्चालन गर्ने जिम्मेवारी प्रदेश सरकारको काँधमा आएको छ। अस्पताल सञ्चालनमा कुनै पनि समस्या आउन नदिने स्वास्थ्यमन्त्री जयराम यादवले प्रतिबद्धता जनाए।

कृषिमन्त्री दर्लामीले कमलमा बनेको आयुर्वेद अस्पताल प्रदेशकै गौरव भएको र यसबाट हजारौं नागरिकले सहज रुपमा सेवा पाउन सक्ने बताए।

दाताको सहयोगमा अस्पताल निर्माण अभियान पूरा भएर उद्घाटन भएको भन्दै

*(बाँकी अन्तिम पृष्ठमा)*

## भाइवर र इन्स्टाग्राममार्फत् दुःख दिने पक्राउ

**काठमाडौं, भदौ १५।** सामाजिक सञ्जाल भाइबर मार्फत् नाबालिकालाई दुःख, हैरानी तथा अपमान गरेको अभियोगमा भारत मोतिहारी चिरैया सेनवरिया घर भई काठमाडौं महानगरपालिका-६ बौद्ध बस्ने १९ वर्षीय मोहम्मद रमीज राजालाई प्रहरीले पक्राउ गरेको छ।

राजाले नाबालिकाको तस्वीर ईडिट गरी बनाएको अश्लील भिडियो भाइबरमार्फत् पठाई डर त्रास देखाई नाजायज फाइदा लिन खोजेको र उद्देश्य पूरा नहुने भएपछि उक्त भिडियो सार्वजनिक गरी दिने भनी नाबालिकालाई मानसिक यातना तथा दुःख हैरानी दिएको खुल्न आएपश्चात उनलाई प्रहरीले पक्राउ गरेको हो।

यसैगरी सामाजिक सञ्जाल इन्स्टाग्राम तथा बिगो मार्फत् महिलालाई ब्ल्याकमेल गरी मानसिक यातना तथा दुःख हैरानी दिएको अभियोगमा ताप्लेजुङ फुङ्लिङ नगरपालिका-४ घर भई काठमाडौं महानगरपालिका-६ बौद्ध भृकुटीचोक बस्ने ३२ वर्षीय जेम्स तामाङलाई पनि प्रहरीले पक्राउ गरेको छ।

इन्स्टाग्राम तथा बिगो मार्फत् ती महिलालाई विभिन्न प्रलोभन देखाई अश्लीलता प्रदर्शन गर्न बाध्य पारी सोको स्क्रिन सट लिई आर्थिक लाभका लागि सामाजिक सञ्जालमा प्रशारण गरीदिने भन्दै ब्ल्याकमेल, मानसिक यातना तथा दुःख हैरानी दिने कार्यमा संलग्न जेम्सलाई प्रहरीले पक्राउ गरेको हो।

पक्राउ परेका उनीहरू उपर विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट पाँच दिन म्याद थप अनुमति प्राप्त गरी आवश्यक अनुसन्धान भइरहेको छ।

## चामल र मलको कालोबजारी गर्दा...

**झापा, भदौ १५।** चामलको कालोबजारी गरेको अभियोगमा रौतहट गौर नगरपालिका-१ रामजानकी धर्मशालास्थित चामल पसल गरी बस्ने भारत बिहार सीतामढी बैरगनिया घर भएका ४४ वर्षीय राजेन्द्रप्रसाद गुप्तालाई प्रहरीले पक्राउ गरेको छ।

राजेन्द्रले इण्डियन ब्राण्डेड बोरामा लोकल कमसल चामल प्याकिङ गरिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनको पसल खानतलासी गर्ने क्रममा ३ सय ४२ बोरा लोकल चामल, १ सय २० थान खाली बोराहरू र १ थान बोरा सिलाउने मेसिन फेला पारी पक्राउ गरेको हो।

उक्त पसल सिलबन्दी गर्नुका साथै उनी उपर कालोबजारी मुद्दामा जिल्ला प्रशासन कार्यालय रौतहटबाट म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान

*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।*






# आगलागी पीडितलाई सहयोग



**झापा, भदौ १५।** आगलागीका कारण कष्टपूर्ण जीवन बिताउन बाध्य झापा गाउँपालिका-४स्थित आगलागी पीडितलाई सहयोग प्रदान गरिएको छ ।

विद्युत् सर्ट भई केही दिन अघि अन्वर अली र दिलवर हुसेनको घर जलेर नष्ट भएको थियो । उनीहरुका लागि लायन्स क्लव अफ बिर्तामोडले तीन बण्डल जस्तापाता सहयोग गरेको क्लवका अध्यक्ष बलराम कार्कीले जानकारी दिए ।

कार्यक्रम क्लबका अध्यक्ष बलराम कार्कीको अध्यक्षता एवम् झापा गाउँपालिका अध्यक्ष जयनारायण साहको प्रमुख आतिथ्यमा भएको थियो ।

कार्यक्रममा झापा गाउँपालिका-४का वडाध्यक्ष ताहिर मिया, जिल्ला समन्वय समिति झापाका सदस्य जलाल अली, लायन्स क्लवका एरिया चिफ सत्यनारायण शर्मा, साजन थापा लायन्सका फष्ट भीपी निकेश गट्टानी, कुशल खतिवडा, कोषाध्यक्ष राजु विमली, लियोका अध्यक्ष नवल किशोर साह, निर्वतमान अध्यक्ष रुपेश भण्डारी लगायतले लायन्स क्लव अफ बिर्तामोडले मानवीय सेवाका क्षेत्रमा पुऱ्याएको योगदानको चर्चा गरेका थिए ।

# बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं, भदौ १५।** बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१४ कलंकी बस्ने धुव्रेन्द्र बहादुर श्रेष्ठलाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

उच्च अदालत पाटनको गतअसार २४ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ६ दिन कैद र १८ लाख १४ हजार ५ सय रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनसुन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं बबरमहलबाट पक्राउ गरेको हो । श्रेष्ठले एभरेष्ट बैंक लिमिटेड कलंकी शाखामा रहेको आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितलाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको घटनामा अदालतले उक्त फैसला गरेको थियो ।

# मदन भण्डारीको काखमा महिलाको आसन !

**काठमाडौं, भदौ १५।** पछिल्लो समय सोसल मिडियामा देखापर्ने विभिन्न गतिविधिका विषयमा समर्थन र बिरोधका स्वर मुखरित भइरहेका छन् । महिलाको नाचको शैलीदेखि कतिपय 'मर्यादा'का कुरासम्म बहसमा छन् ।

यसै क्रममा एक महिलाले एमालेका स्वर्गीय नेता मदन भण्डारीको शालिकमा खिचेको तस्वीर सामाजिक सञ्जालमा भाइरल बनेको छ । ती महिलाले मदन भण्डारीको काखमा बसेर तस्वीर खिचेकी छन् ।

मदन भण्डारीको शालिकको काखमा बसेर खिचेको तस्वीर ट्वीटरमा देखेपछि नेकपा एकीकृत समाजवादीका नेता डा. बिजय पौडेलले मेन्सन गर्दै भनेका छन्- 'मान्छे बहुलाउन थाले ।'

नेपालको काजी (८ किलास फेल) ले आफ्नो ट्वीटरमा अपलोड गरेको तस्वीरका पक्षमा वकालत गर्दै विनोद क्षेत्री मेन्सन गर्छन्- 'एक महिला आफ्नो अभिभावकको काखमा बसिन्, के बिराइन् ?' 'नाइस पोज' लेखेर पोस्ट गरिएको तस्वीरमुनि 'भुइँ मान्छे' ले मेन्सन गरेका छन्- 'हाम्रो नेताको अपमान भयो भन्दै भोलि केस फायल हुन्छ अनि नाइस बाहिर आउँछ ।'

झट्ट हेर्दा तस्वीरमा महिलाले नेता मदन भण्डारीलाई अभिभावकजस्तो मानेर सम्मान प्रकट गर्न वा माया पाउन खोजेको जस्तो पनि देखिने नेपाल खबरले उल्लेख गरेको छ । तर, ट्वीटरमा



धेरै मानिसले यो पोज अमर्यादित भएको भन्दै आलोचना गरेका छन् । पाठकवृन्द ! तपाईंलाई चाहिँ सार्वजनिक स्थलमा रहेको मदन भण्डारीको शालिकमा खिचिएको यो पोज स्वाभाविकै लाग्यो कि अस्वाभाविक ?

# किन स्थगित भयो पल शाहको मुद्दाको सुनुवाइ ?



एक नाबालिगलाई जबरजस्ती करणी गरेको अभियोगमा जेल जीवन विताइरहेका चर्चित नायक पल शाहको मुद्दामा जिल्ला अदालत तनहुँले बुधवार सुनुवाइ गर्ने म्याद तोकेको थियो ।

तर, उनको मुद्दा हेर्ने न्यायाधीश अनुपस्थित भएपछि सुनुवाइ स्थगित भएको छ । शाहको बलात्कार सम्बन्धि मुद्दा तनहुँ जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको इजलासमा परेको थियो ।

बुधवार सुनुवाई भएको भए पललाई धरौटीमा छाड्ने वा थुनामै राख्ने विषयमा तनहुँ अदालतले आदेश दिन सक्ने थियो । अदालतले पलको बलात्कार सम्बन्धी मुद्दाको सुनुवाई गर्न अर्को म्याद तोकेको छैन । नवलपुर जिल्ला अदालतले भने भदौ २१ गतेका लागि पेशी तोकेको छ । नाबालिगले तनहुँपछि नवलपुर प्रहरी कार्यालयमा पल शाहबिरुद्ध जबर्जस्ती करणीको जाहेरी दिएकी थिइन् ।

गत चैत १० गते तनहुँ जिल्ला अदालतले शाहलाई पुर्पक्षको लागि थुनामा पठाउन आदेश दिएको थियो । त्यसपछि पूर्वी नवलपरासी अदालतले पनि पललाई पुर्पक्षका लागि थुनामै राख्न आदेश दिएको थियो । दुवै जिल्ला अदालतको आदेशबिरुद्ध पलका वकिलले उच्च अदालत पोखरामा पुनरावेदन चढाएका थिए । तर, उच्च अदालत पोखराले पनि उनलाई थुनामै पठाउन आदेश जारी गऱ्यो ।

# मर्मत नहुँदा मेची राजमार्गमा दुर्घटनाको जोखिम

**फिक्कल, भदौ १५।** मेची राजमार्गको इलामभित्र पर्ने विभिन्न स्थानमा सवारी दुर्घटना बढ्दो छ ।

अव्यवस्थित सडक संरचनाले सवारी दुर्घटना बढेपछि यात्रु र चालकले कष्टप्रद यात्राको सामना गर्नुपरेको छ । पूर्व-पश्चिम राजमार्गको झापा चारआलीदेखि इलाम, पाँचथर हुँदै ताप्लेजुङ जोड्ने सो राजमार्गअन्तर्गत इलाम खण्डको करिब ९० किलोमिटर सडक ठाउँ-ठाउँमा जीर्ण बन्दा सवारीसाधन दुर्घटना बाक्लिएको हो ।

गत असार १७मा इलाम नगरपालिका-१, मिलगोलाइमा सवारी दुर्घटना हुँदा १३ यात्रु घाइते भए । ताप्लेजुङको थुम्बेदिनबाट झापातर्फ गुडिरहेको को१ज ३३२९ नम्बरको जीप त्यहाँ दुर्घटना भयो । जीप अनियन्त्रित भई राजमार्गबाट अन्दाजी तीन सय मिटर तल पुवाखोला नजिकै झर्दा घाइते हुनेमध्ये फालेलुङ गाउँपालिका-१की ३२ वर्षीया अप्सरा कोइराला, याङ्बरक गाउँपालिका-५का ५१ वर्षे प्रेम तामाङ र याङ्बरक गाउँपालिका ६का २३ वर्षे दीपेन्द्र कोइराला गम्भीर घाइते भए ।

गत मंसीर २८मा इलामकै हर्कटे-फिक्कल सडक खण्डको कन्याममा सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भयो । नौ जना घाइते भए । हर्कटे बजारबाट फिक्कलतर्फ आउँदै गरेको मे १ ज ३३०७ नं को भ्यान अनियन्त्रित भएर सडकबाट करिब एक सय मिटर तल खस्यो । दुर्घटनामा माइजोगमाई गाउँपालिका-३का भरत घिमिरे र सोही गाउँपालिका-४का रामप्रसाद तिम्सिनाको मृत्यु भयो । गएको माघ १३मा रोङ गाउँपालिका-४ पहिरोस्थित मेची राजमार्गमा पिकअप दुर्घटना हुँदा



दुई जनाको मृत्यु भयो । एकजना गम्भीर घाइते भए । झापाबाट इलामतर्फ आउँदै गरेको प्रदेश १-०१-००१ नम्बरको खाली पिकअप सडकबाट करिब पाँच सय मिटर तल खस्दा त्यसमा सवार झापा मेचीनगर नगरपालिका-४का ५५ वर्षीय रमेश थापा र त्यहीँका ४० वर्षीय सूर्यबहादुर थापाको घटनास्थलमै मृत्यु भयो । सवारी चालक ३३ वर्षे अर्जुन कोइराला सख्त घाइते भए ।

यी त प्रतिनिधि घटनामात्रै हुन् । आर्थिक वर्ष २०७८/७९ मा सो राजमार्ग अन्तर्गत इलाम खण्डमा साना-ठूला गरी १८ सवारी साधन दुर्घटना भएको तथ्याङ्क जिल्ला ट्राफिक प्रहरी कार्यालयसँग छ । कार्यालय प्रमुख शैलेन्द्र गच्छदारले यो अवधिमा १० जनाले ज्यान गुमाएको र १८ जना घाइते भएको बताए । दुर्घटनाको मुख्य कारण भत्किएको कालोपत्र, साँघुरो सडक, प्रतिकूल मौसम, अव्यवस्थित पार्किङलगायत छन्- उनले भने- चालकको लापरबाही, मादकपदार्थ पिउनु, तीव्र गति र ब्रेक फेलजस्ता कारणले पनि दुर्घटना बढिरहेको छ ।

झापाको चारआलीदेखि ताप्लेजुङसम्म दुई सय ६८ किलोमिटरको मेची राजमार्ग सबैजसो कालोपत्र भएको छ । तर, कालोपत्र भत्किएर सडकका बीच-बीचमा ठूला खाडल पर्दा पनि मर्मतमा पर्याप्त चासो नभएको उपभोक्ताको गुनासो छ ।

प्रत्येक दिन हजारौंको सङ्ख्यामा साना र ठूला सवारीसाधन आउँ-जाउँ गर्ने मेची राजमार्ग जीर्ण बनिरहँदासमेत बेलैमा मर्मत गर्न आनाकानी भइरहेको सवारी चालकको गुनासो छ । इलाम-बिर्तामोड सडकमा सवारी चलाउने चालक रमेश राई दिनहुँ सयौं गाडी गुड्ने यो राजमार्गमा कतिबेला दुर्घटना हुन्छ भन्ने टुङ्गो नै नभएको बताउँछन् । यात्रुको ज्यान जोखिममा राखेर सरोकारवाला मुकदर्शक बन्नु दुःखद् हो- उनले भने- सडक अतिक्रमण गरी निर्माण गरिएका संरचनाले पनि सवारी गुडाउन असहज छ । कम्तीमा सम्बन्धित निकायले भएको सडकको क्षेत्राधिकार खाली गराउन र खाल्डाखुल्डी पुर्न त सक्नुपर्ने हो ।

सदरमुकामस्थित डिभिजन सडक कार्यालयले सूर्योदय नगरपालिकाको समन्वयमा सडकको दायाँ-बायाँ क्षेत्राधिकार रहेको १५ मिटरमा निर्माण भएका संरचना हटाउने प्रयास यसअघि नगरेको होइन । सडक डिभिजन र नापी कार्यालयको सहयोगमा मेची राजमार्गको हर्कटेबाट पाल्टाँगेसम्म चार किलोमिटरमा सडकको दायाँ-बायाँ एक हजार पाँच सय मिटर क्षेत्रको नक्साङ्कन गर्ने काम पनि भयो ।

पर्यटकीय क्षेत्र कन्यामको सौन्दर्यमा नयाँ रौनक थप्न पहिलो चरणमै राजमार्ग विस्तार गरियो तर ठोस् उपलब्धि हुन नसकेको स्थानीयवासी बताउँछन् । आज पनि यो क्षेत्र साँघुरो छ भने सडक अतिक्रमण गरी बनाइएका संरचना पूर्ण रूपमा हटेका छैनन् । सदरमुकामबाट राजदुवालीसम्मको राजमार्ग खण्ड धेरै स्थानमा भास्सिएको छ । भौगोलिक रूपमा कमसल, उकालो र घुमाउरो बाटोका कारण यो क्षेत्रमा राजमार्ग नै दबिएको हो । यही क्षेत्रमा दुर्घटना धेरै हुने गरेका छन् ।

सवारी दुर्घटनाको जोखिम बढ्दै जाँदा ट्राफिक प्रहरीलाई पनि व्यवस्थापनमा समस्या भएको छ । इलाममा ट्राफिक प्रहरीको सङ्ख्या नै कम भएकाले पनि जिल्लाको ट्राफिक व्यवस्थापनमा समस्या भएको प्रहरीले जनाएको छ । अहिले मेची राजमार्गको इलाम खण्डमा १९ जना ट्राफिक प्रहरीले सेवा दिइरहेका छन् । सरोकारवालाले पनि दुर्घटनाको दोष चालकलाई मात्र दिएर सडकको दुरावस्थामा ध्यान नदिएको यातायात व्यवसायीको गुनासो छ ।

चालकले ट्राफिक नियम पालना नगर्दा अनिवार्य रूपमा राजश्व तिर्नुपर्छ । तर, भत्केको र जीर्ण सडक मर्मतमा निर्माणकर्ताले ढिलासुस्ती गर्दा अनुगमन र कारबाही हुनसकेको छैन । गतआर्थिक वर्ष २०७८/०७९मा नियम विपरीत कुदाइएका तीन हजार आठ सय ९३ मोटरसाइकलबाट प्रहरीले रु बाइस लाख ४५ हजार राजश्व सङ्कलन गरेको थियो । सो अवधिमा नियम विपरीत चलेका सबै प्रकारका सवारी साधनबाट साढे ५१ लाख राजस्व सङ्कलन भएको तथ्याङ्क छ ।

# प्रतिबन्धित औषधिको कारोबार गर्दा...

**काठमाडौं, भदौ १५।** नियन्त्रित तथा प्रतिबन्धित औषधिहरूको कारोबार गरेको अभियोगमा एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका सामाखुसीमा फार्मेसी सञ्चालन गरी बस्ने गोरखा सिलुकोट नगरपालिका-९ घर भएका २९ वर्षीया सुस्मा थापा रहेकी छिन् ।

सुस्माले सञ्चालन गरेको फार्मेसीमा नेपालमा नियन्त्रित तथा प्रतिबन्धित औषधिहरूको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उक्त फार्मेसीमा खानतलासी गर्दा ती औषधिहरू फेला पारी उनलाई पक्राउ गरेको हो । उनको फार्मेसीबाट प्रहरीले विभिन्न किसिमका नियन्त्रित तथा प्रतिबन्धित औषधिहरु फेला पारेको थियो । त्यसकै आधारमा उक्तलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालीन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ ।

त्यसैले,

धुम्रपान नगरौं स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# साओमीको सर्भिस सेन्टर बिर्तामोडमा

**झापा, भदौ १५।** चिनिया मोवाइल कम्पनी साओमी (एमआई) को १७औं सर्भिस सेन्टर बिर्तामोडमा सञ्चालनमा आएको छ ।

बिर्तामोडको भद्रपुर रोडमा सञ्चालनमा आएको सर्भिस सेन्टरको साओमी नेपालका कन्ट्री जेनरल मेनेजर अमित कुमार पण्डा, टेली डिरेक्टका डाइरेक्टर सञ्जय अग्रवाल, साओमी नेपालका सर्भिस मेनेजर किरण सोनी, मार्केटिङ मेनेजर प्रकाश सुवेदी, विएनएस अपरेसन हेड मनु मानस्वी, टेली डिरेक्टका सेल्स मेनेजर दीपक श्रेष्ठले उद्घाटन गरेका थिए ।

साओमी मोवाइल विक्री पछि गरिने सम्पूर्ण सर्भिस सम्वन्धी काम बिर्तामोडको सर्भिस सेन्टरले गर्ने बिर्तामोडका सञ्चालक राजन घिमिरेले बताए । झापाको बिर्तामोडमा पहिलो पटक सर्भिस सेन्टर सञ्चालनमा आएसँगै साओमी मोवाइल प्रयोग कर्तालाई सहज हुने साओमी नेपालका बिर्तामोडका आधिकारिक बिक्रेता प्रकाश सुवेदी लवले बताए ।

# डाँफे सहकारीको साधारण सभा



**बिर्तामोड, भदौ १५।** डाँफे सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को बिर्तामोड र सुरुङ्गा इकाइको साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष तुलाराम न्यौपानेको अध्यक्षतामा भएको सभामा स्वागत मन्तव्य सञ्चालक समिति सदस्य देवीप्रसाद भट्टराईले गरेका थिए । झापाको दमकमा केन्द्रीय कार्यालय रहेको डाँफे सामुदायिक बचत तथा ऋण सहकारीको यही भदौ २० गते हुने १५औं वार्षिक साधारणसभाको पूर्व सन्ध्यामा इकाइ गत साधारण सभा गर्ने क्रममा बिर्तामोड र सुरुङ्गा इकाइको साधारणसभा बिर्तामोडको अतिथि सहनमा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष न्यौपानेले संस्थाको गतिविधि प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन सचिव लीलानाथ खनालले गरेका थिए ।

## कमलमा ...

यसमा सबै जग्गादाता हर्षित भएको दाता मणि भण्डारीले बताए ।

पछिल्लो समय आयुर्वेदिक उपचारतर्फ मानिसहरुको आकर्षण बढ्दै गएको छ । कमल गाउँपालिकामा प्रदेशस्तरीय आयुर्वेदिक निर्माण हुनु गौरवको कुरा हो । यो अस्पताल सञ्चालनमा गाउँपालिका प्रचारमुखी अभियानमा लाग्ने कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले बताए ।

पछिल्लो समय ७० प्रकारका नसर्ने रोगबाट मानिस बिरामी हुने गरेका छन् । अस्पतालमा आजैबाट सेवा ओपीडी सेवा सञ्चालनमा आएको छ । यहाँबाट सबै प्रकारका विरामीको उपचार हुने अस्पतालका निमित्त आयुर्वेदिक चिकित्सक डाक्टर अनिलकुमार यादवले जानकारी दिए । कार्यक्रममा जग्गा दातालाई खादा र सम्मान-पत्रबाट सम्मान समेत गरिएको थियो ।

## चामल ...

भइरहेको बताइएको छ ।

उता बारामा कालोबजारी गर्नको लागि स्टोर गरी राखेको २ सय ९ बोरा मलखाद सहित कलैया उपमहानगरपालिका-२३ कोइरीया टोल बस्ने सोही ठाउँस्थित कुश कृषि सहकारी संस्थाका सञ्चालक ३६ वर्षीय अरुण कुशवाहालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

उक्त सहकारी संस्थाले कृषकहरूलाई सहुलियत दरमा बिक्री गर्नको लागि नेपाल सरकारबाट अनुदानमा खरिद गरी ल्याएको मलखादहरू बढी मुनाफा लिई बिक्री गरिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले उक्त सहकारी संस्था तलासी गर्दा डीएपी मल १ सय १८ बोरा र खुल्ला २७ किलोग्राम, युरिया मल २९ बोरा र खुल्ला ३८ किलोग्राम, पोटास मल ६१ बोरा र खुल्ला २७ किलोग्राम र खेती शक्ति मल लेखिएको फसफेट १ बोरा फेला पारी उनलाई पक्राउ गरेको हो ।

उनी उपर कालोबजारी मुद्दामा जिल्ला प्रशासन कार्यालय बाराबाट १० दिन म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भइरहेको छ ।


## राहदानी हरायो

चमैताबाट इलाम जाने क्रममा यही मिति २०७९।०३।१८ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- वल वीर राई
**ठेगाना**:- चमैता-३, इलाम
हाल: देउमाई नगरपालिका-१, इलाम
**राहदानी नं.**:- ०६३७८२२८



## भुल सुधार गरिएको सूचना सम्बन्धमा

**मितिः २०७९/०५/१६**

कनकाई नगरपालिकाबाट मिति २०७९।०५।१४ गतेको राष्ट्रिय दैनिक पत्रिका पूर्वाञ्चलमा प्रकाशित कर्मचारी आवश्यकता सम्बन्धी सूचनामा वि.नं. ०३/ ०४/ ०५/ ०६/ ०७/ ०८/ २०७९/०८० हुनुपर्नेमा अन्यथा हुन गएकाले सच्याइएको व्यहोरा अनुरोध छ ।

**मोहनप्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**



## गोर्खा वचत तथा ऋण सहकारी संस्था लि. को १६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस गोर्खा वचत तथा ऋण सहकारी संस्था लि. को १६ औं वार्षिक साधारणसभा यही मिति २०७९ श्रावण २८ गतेको सञ्चालक समितिको निर्णय बमोजिम निम्न मिति, समय र स्थानमा हुने निश्चय भएको हुँदा निम्न मिति, समय र स्थानमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

मितिः २०७९ भदौ २५ गते शनिवार
समयः बिहान ठीक ११ बजे
स्थान : अतिथि सदन, बिर्तामोड १ झापा

**छलफलका बिषयहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व. २०७८/०७९को वार्षिक प्रतिवेदन, आ.व.२०७९/०८० को लागि वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित ।
२. लेखा समितिको वार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने ।
३. आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने
४. यस संस्थाको नाममा रहेको जग्गामा भवन निर्माण गर्ने सम्वन्धमा प्रस्ताव पेश गर्ने ।
५. संस्थाको विभिन्न नीति तथा कार्यविधिमा छलफल तथा पारित गर्ने ।
६. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि सदस्यको मनोनयन गर्ने ।
७. आ.व. २०७९/०८०को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
८. सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्वन्धमा ।
९. विविध

**सुरेश गौतमः व्यवस्थापक** **मनबहादुर पाहिमः अध्यक्ष**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

# खेतीबाटै आत्मनिर्भरता

**सिउँडी प्रजातिको नेपालमा भर्खरै परिचय बनाउन थालेको 'ड्रागन' नामक फल अहिले व्यावसायिक रुपमा उत्पादन हुन थालेको छ । दक्षिण अमेरिकाको मेक्सीकोमा उत्पत्ति भएको मानिने यो फल रोपेको दुई वर्षमा फल्न थाल्ने र निरन्तर फल्ने कारणले पनि लोकप्रिय बन्दै गएको छ । अहिले नेपाली बजारमा प्रतिकिलो एक हजार रुपैयाँमा बिक्री भइरहेको 'ड्रागन फ्रुट'को खेतीबाट मनग्य आम्दानी लिन सकिने हाम्रै देशमा पनि प्रमाणित भइरहेको छ । तराईदेखि उच्च पहाडी भू-भागमा समेत खेती गर्न सकिने ड्रागन फ्रुट यतिखेर शहर-बजारमा कौशी खेतीका रुपमा रोप्न र फल्न थालेको छ । सुख्खा ठाउँमा पनि फलाउन सकिने, औषधीय गुणयुक्त यो फलको खेतीबाट राम्रो आम्दानी हुने देखेपछि किसानहरु यसको व्यावसायिक खेतीतर्फ आकर्षित हुन थालेका हुन् ।**

**काम गर्ने जाँगर, आँट र दृढता हुने हो भने स्वदेशमै मनग्य आम्दानी गर्न सकिन्छ भन्दै ड्रागन खेतीमा लागेका मोरङ सुनवर्षी नगरपालिका वडा नं. १ का गणेश राई अहिले दङ्ग छन् । निर्माण व्यवसायी राईले कोरोना आतंकका समयमा एक करोड रुपैयाँ लगानी गर्दै ड्रागनको व्यावसायिक खेती शुरु गरेका थिए । दुई वर्षअघि तुर्छा ड्रागन फ्रुट तथा बहुउद्देश्यीय कृषि फर्म मार्फत ड्रागन खेती थालेका राईले लगानी फिर्ता लिइसकेका छन् । तीन विगाह क्षेत्रफलमा गरेको ड्रागन खेतीबाट दोस्रो वर्षदेखि आम्दानी दिन थालेपछि आफ्नै देशमा 'सुन फलाउने' उनको सपना पूरा हुन थालेको उनले सुनाए । अति स्वादिलो, मीठो, पोषिलो यो फलको माग पनि बजारमा उच्च रहेको छ । नेपाली उपभोक्ताको स्वादको रोजाइमा पर्दै गएको ड्रागनको माग विदेशबाट आयात गरेर पूरा गर्ने गरिएकोमा अब क्रमशः आत्मनिर्भरतातर्फ उन्मुख भएको छ ।**


**कोरोना कहरका कारण बन्दाबन्दी भएको कारणले ड्रागन खेतीतर्फ आकर्षित राई जस्तै थुप्रै किसानहरु अन्नबाली छाडेर यसतर्फ लागेका छन् । कुनै समय माओवादी भएर आन्दोलनमा लागेका, मन्त्री भइसकेका लोकेन्द्रबहादुर बिष्ट समेत राजनीति त्यागेर ड्रागन खेतीमा रमाइरहेका छन् । एक पटक लगाइ सकेपछि पच्चीस वर्षसम्म निरन्तर आम्दानी दिने खेती भएकाले यसको व्यावसायिकताले धेरैलाई लोभ्याउन थालेको छ । अझ पैसा कमाउनकै लागि विदेश जाने युवाहरुको मनस्थितिलाई ड्रागनको व्यावसायिक खेतीतर्फ रुपान्तरण गर्न सकियो भने वैदेशिक रोजगारीले उत्पन्न गरेको विसंगति र सामाजिक तथा पारिवारिक विखण्डनलाई पनि रोक्न सकिने थियो । सुनवर्षीका गणेश राई एउटा उदाहरण हुन् जसले तीन विगाहको खेतीबाट वार्षिक एक करोड आम्दानी गरेका छन् । उनको यो उदाहरणले समाजलाई मार्गदर्शन गर्न सक्यो भने, ड्रागन खेतीतर्फ युवावर्ग आकर्षित हुन सके भने, वेरोजगारीको समस्या कम हुने थियो । यसका साथै स्वरोजगारीको माध्यमबाट देशलाई समेत आत्मनिर्भर बनाउन यसले योगदान दिने निश्चित छ ।**

## सामाजिक सञ्जाल



राहदानी विभागको बेसमेन्ट खाली गराई सर्वसाधारण सेवाग्राहीको लागि पार्किङ बनेकोमा निकै खुशी लागेको छ । राहदानी विभागमा सेवाग्राहीले साच्चै हैरानी खेप्नु परेको थियो । त्यसको एक भुक्तभोगी म आफै पनि हुँ । धन्य मेयर बालेन ।

**– रामप्रसाद ज्ञवाली**



मानिस आफ्नो सफलतामा खुशीभन्दा अरूको सफलतामा इर्ष्यालु छ । यो नै प्रगति र सकारात्मकताको अवरोधक हो ।

**– गोपीनाथ मैनाली**



महाभियोग माथिको छलफल र आरोप/प्रत्यारोप खुल्ला संसदमा अनि जवाफ दिने बेला मिडियालाई प्रतिबन्ध ? अरे वाह !

**– मनोज सत्याल**

# हदम्यादको महत्व किन ?



**विष्णु गिरी 'निश्चल'**

आफूलाई अन्याय परेको व्यहोरासहितको निवेदन, उजुरी वा जाहेरी दरखास्त सम्बन्धित निकायमा दर्ता गर्न कानूनले तोकिदिएको निश्चित समयावधिलाई हदम्याद भनिन्छ । हदम्याद नाघेको अवस्थामा निवेदकको उजुरी वा जाहेरी माथि कानून बमोजिमको कारवाही हुँदैन । घटना भएपछिको कति दिन, महिना वा वर्षभित्र पीडकलाई कारवाहीको माग गर्दै उजुरी दिनका लागि तोकिएको समयावधि नै हदम्याद हो ।

नेपालको मुलुकी अपराध संहिता-२०७४ मा बलात्कार कसुरबारे उजुरीको हदम्याद तोकिएको छ । कानून अनुसार हाडनातामा करणी अन्तर्गतको कसुरमा मात्रै पीडितले जहिलेसुकै उजुरी दर्ता गर्न पाउँछ । त्यस बाहेक अन्य सबै किसिमका यौनजन्य हिंसा र दुर्व्यवहारको हकमा अपराध भएको मितिले एक वर्षभित्र र पशुकरणी जस्ता अन्य कसुर भएको कुरा थाह पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्दैन । थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्तिविरुद्ध अपराध भएको अवस्थामा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुरी लाग्दैन ।

पछिल्लो समय हदम्यादको कारणले गर्दा कतिपय मुद्दाहरु दर्ता हुन सकेका छैनन् । जबरजस्ती करणी इच्छा विपरीत को शारीरिक (यौन) सम्पर्क हो भन्ने बुझाउँछ । तर, त्यस्तो अपराध गर्नेको बारेमा हदम्यादभित्रै उजुरी नआउने गरेकोले कारवाहीको प्रक्रियामा अप्ठ्यारो परेकोले बलत्कार जस्तो जघन्य अपराधमा हद्म्याद राखिनु हुँदैन भनेर सडकदेखि सदनसम्म चर्को आवाज उठेको छ । यस्तो अवस्थामा हदम्याद भनेको के हो त कानूनमा यसको के महत्व हुन्छ भन्ने बारेमा चर्चा गरौं ।

हदम्याद भन्नाले निश्चित रुपमा तोकिएको समयलाई बुझाउन सक्छ । कानूनी भाषामा म्याद भन्ने हो निश्चित दिन, वर्ष, महिना पनि हुन्छ । यद्यपि कानूनले तोकेको किटानी अवधिलाई हदम्याद भनिन्छ । कानूनको प्रचलन र न्याय सम्पादनमा हदम्यादको प्रश्न उपस्थित हुन्छ, न्याय पाउने कुरामा हदम्यादको अनिवार्यता महशुस गरिएको हुन्छ । भारत लगायत विभिन्न देशहरूमा हदम्याद सम्बन्धी कानून भए पनि नेपालमा भने हदम्याद सम्बन्धी कानून नभई सम्बन्धित कानून वा विषय सम्बन्धित महल वा परिच्छेदमा हदम्याद तोकिएको हुन्छ ।

मुलुकी ऐन २०२० मा अदालती बन्दोबस्त एवम् अन्य महलमा हदम्याद तोकिएको थियो भने वर्तमान मुलुकी संहिताहरूमा जुन विषयमा हदम्याद आवश्यक भएको हुन्छ । सोही विषयको परिच्छेदमहलहरूमा हदम्याद तोकिएको पाइन्छ । मुलुकी ऐन २०२० ले राजकाज सम्बधी तथा सरकारी धनमाल चोरीको मुद्दामा हदम्याद राखेको थिएन भने अरु सबै विषयहरू हदम्याद राखिएको थियो ।

मुलुकी अपराध सहिता र देवानी संहिता २०७४ ले धेरै विषयमा हदम्याद राखेको छ । जबरजस्ती करणी/बलात्कारको सम्बन्धमा नेपालको कानूनले गरेको व्यवस्थामा मुलुकी ऐन २०२० को महल १४ को दफा १ अनुसार भए गरेको कार्य जबरजस्ती करणी हुने र अपराध ठहरीने भनिएको छ । सामुहिक रूपमा जबरजस्ती करणी हुने करा पनि उल्लेख छ । यद्यपि जबरजस्ती करणीको सम्बन्धमा ३५ दिनको नालिस दिन सक्ने गरी हदम्याद तोकिएको छ । तथापि हाडनाता करणीमा आजीवन र पशु करणीमा एक वर्षको हद म्याद तोकिएको पाइन्छ ।

मुलुकी अपराधसहित २०७४ को दफा २२० अन्तरगतको सजाय हुनेमा हदम्याद तोकिएको छैन । तर, सो भन्दा बाहेक जबरजस्ती करणी (दफा २१९) लगायत यौन दुर्व्यवहारमा समेत हदम्याद तोकिएको छ । अपहरण वा शरीर बन्धक बनाई कसैको ज्यान गएकोमा हदम्याद तोकिएको छैन । तर, दफा २१३ मा जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्नेलाई हदम्याद तोकिएको छ भने दाण्ड सजाय पनि तोकिएको छ । यसर्थ, जबरजस्ती करणी, बलात्कारपछि हत्या गर्नेलाई हदम्याद पनि नलाग्ने र जन्मकैदको सजाय हुने व्यवस्था गरेको छ । तर, मुलुकी अपराध संहिताको कुनै पनि दफामा जबरजस्ती करणीपछि ज्यान मारेको वा मर्न गएकोमा एकमुष्ट सजाय किटान गरिएको छैन । तर, पनि ऐनको दफा १७७ र १७८ समेतबाट सजाय भए पनि बलात्कार जस्तो जघन्य कसुरमा थप सजायको व्यवस्था नभएकोले यस्तो अपराधमा सर्वस्वसहित कारावासको व्यवस्था गरिनुपर्छ ।



हदम्यादको सम्बन्धमा व्यवस्थापिका संसदमा संकल्प प्रस्ताव पनि भएको छ ।

यौनशोषण, यौन दुर्व्यवहार, यौन हिंसाका अवस्थाहरू जवरजस्ती थिए थिएनन् भन्ने विषयमा मौकाको बारदात भएको स्थान, समय तथा घटनास्थलको सम्पूर्ण कुराहरु रहदा त अपराधी पत्ता लाग्न सकेका छैनन् भने ८/१० वर्षपछि यौन हिंसा जस्ता घटनाको अनुसन्धान कात्तिको सार्थक रहन्छ त्यो छुटै विषय हो, अझै हदम्याद नै नराख्ने हो भने हाम्रो समाज कतातिर जान सक्छ यसबारे पनि बेलैमा सोच्नु पर्दछ । यौनजन्य हिंसा दुर्व्यवहार बलात्कार वा शोषण जो जसबाट भए पनि हदम्यादको वर्गीकरण गर्नुपर्छ । संविधानको धारा १८ समानताको हक, धारा ३८ (५) मा सामाजिक सुरक्षामा सकारात्मक विभेद, मुलुकी अपराध संहिताको दफा २१९(१) कसैले जबरजस्ती करणी गर्नुहुँदैन भनिएको छ ।

हदम्याद कानूनी उपचारको बाटो हो । हाम्रो कानूनले जबरजस्ती करणीलाई कानूनी भाषामा नै बलात्कार भन्न सकेको छैन । यसर्थ, निश्चित अवस्था, उमेर, समय, घटनाक्रम जस्ता आधारभूत कुरामा महिला वा बालबालिकालाई लिएर हदम्यादको अन्त्य गरिनुहँदैन । नेपालमा हदम्याद सम्बन्धी कानून बनाउनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्छ ।

# सम्झनामा गिरी





**उमेश भारती**

गणतन्त्रका हिमायती समानुपातिक समावेशी लोकतन्त्रका ज्ञाता मार्क्सवादी विचारक समाजवादी चिन्तक प्रदिप गिरीले भौतिकरुपमा शरीर छाडेर जानु भएको पनि आज १३औं दिन भई सक्यो । विलक्षण स्मरण शक्ति र बहुआयामिक प्रतिभाका धनी विद्वान गिरीको भाद्र ४ गते राति ९:१५ बजे काठमाडौंको मेडिसिटी हस्पिटलमा क्यान्सर रोगका कारण देहवसान भएको थियो ।

त्यागी सादगी महापुरुष गिरी नेपाली समाज राजनीति साहित्य जगतका एक होनाहार हस्ती हुनुहुन्थ्यो । नेपाल दशनामी समाजका अग्रज आजीवन संरक्षक अभिभावक वर्तमान संघीय संसदका सांसद एवम् चर्चित संविधान सभा सदस्य गिरी वि.सं. २००४ साल कात्तिक १७ गते पिता मित्रलाल गिरी र आमा पुण्यप्रभा गिरीको कोखबाट सिरहाको वस्तिपुरमा जन्मिनुभएको थियो । खान्दानी सम्भ्रान्त परिवारमा जन्मि हुर्केका गिरीले जीवनभर विपन्न, गरीब, पछाडि पारिएको हुँदा खाने वर्ग क्षेत्र समुदायको हकअधिकारको आवाज बुलन्द पार्नुभयो । लोकतन्त्र सामाजिक न्याय र समाजवाद प्राप्तिको बाटोमा हिँडिरहनुभयो । उहाँ सधैं विभेद, अन्याय, अत्याचारको विरुद्धमा लडिरहनुभयो ।

नेपाली कांग्रेस पार्टीमा सर्वाधिक लोकप्रिय मतसहित केन्द्रीय सदस्य चुनिनुभएका राजनीतिज्ञ गिरीले कांग्रेसमा समावेशी सिद्धान्तलाई स्थापित र लागू गराएर छाड्नुभयो । उहाँले प्रतिपादन गरेको सिद्धान्त ज.ग.द.म.मा अर्थात् ( जनजाति, गरीब, दलित, महिला, मधेसी) हो । यही सिद्धान्तको आधारमा लाभको पद सदन सरकार र पार्टी नेतृत्वमा सबैको समानुपातिक प्रतिनिधित्व भयो । मूलकलाई अग्रगामी विकास र निकास दिनका लागि संसद, सडकमा सधैं खबरदारी गरिरहनुभयो । समाजवाद र मार्क्सवादका घनिभूत बहस विचार प्रस्तुत गरिरहनुभयो । उहाँ कुनै पार्टी विशेषको भन्दा आमनेपाली नागरिकको प्रिय र रुचाइएका साझा व्यक्ति बन्न पुग्नुभयो । नेपाली कांग्रेसका संस्थापक समाजवादी नेता वीपी कोइरालासँग संगत र सहकार्य गर्नुभएका गिरी पार्टीभित्र दोस्रो वीपी भनेर पनि चिनिनुहुन्थ्यो । जयप्रकाश, डा. मनोहर लोहिया, नेहरु, वीपी, कृष्णप्रसाद, गणेशमान जस्ता नेताहरुको राजनीतिक प्रभाव परेका गिरी मूलतः गान्धीवादी नेता हुनुहुन्थ्यो । मार्क्स, लेनिन र रोजा लक्जेवर्क्सको विचारलाई औधी मन पराउने गिरीले लेलिनको जीवनी नामक पुस्तक समेत लेख्नुभएको छ ।

मार्क्सवादका कुशल व्याख्याता गिरीको जीवनशैली भने भियतनामका सर्वोच्च नेता होची मिन्हा जस्तै सरल सादगी र गाउँले परिवेशमा निष्ठा र त्यागको जीवन व्यतित गर्नुभयो । निमुखा जनता र मधेसी समुदायसँग हिमचिम बढाउनुभयो । जस्तो सिद्धान्त उस्तै व्यवहार अपनाउने गिरीले आफ्नो गृहनगर सिराहाको बस्तीपुरमा निजी सम्पत्तीलाई सार्वजनिककरण गर्नुभयो । मित्र सेवा आश्रम खडा गरी सयभन्दा बढी अनाथ बालबालिकाहरुलाई संरक्षण दिनुभयो । जीवनमा रुख, बिरुवा देख्दा आनन्द लाग्छ भन्ने गिरीले आश्रममा हजारभन्दा बढी बोटबिरुवा लगाउनुभएको छ । मान्छेको आयु छोटो हुन्छ मरेर गइन्छ, तर बोटबिरुवा सदिऔं वर्ष बाचिरहन्छन् त्यसैले इष्टमित्र छरछिमेकीले बिरुवाको फल खाएर सम्झिरहुन भन्ने उहाँको कामना थियो ।

छिमेकीलाई सहयोग गर्नुपर्दछ । साँचो अर्थमा गाउँलाई अधिकार दिएर सुविधासम्पन्न बनाएर उत्पादन बढाउँदै रोजगारी सृजना गरी समाजवादको गन्तव्यमा जानु पर्दछ । तबमात्र समानता, स्वतन्त्रता र बन्धुत्वसँगै ल्याउन सकिने आत्मविश्वास उहाँमा थियो । समाज र राजनीतिक निष्ठाका लागि गिरीले यतिसम्म त्याग र समर्पण देखाउनुभयो कि उपल्लो तहतप्कामा पहुँच हुँदाहुँदै कयौं पटक मन्त्री बन्न गरेको अनुरोधलाई इन्कार गर्नुभयो । बरु अरु योग्य साथीहरुलाई मन्त्री बनाउन सहयोग गर्नुभयो । लाभ र लोभको पदमा कहिलै आफू जानु भएन ।

राजनीतिमा लागेपछि सत्ता शक्ति पद चाहिन्छ भनेर मरिहत्ते गर्नेहरुलाई राजनीति भनेको कुनै फोहोरी खेल होइन बरु जनताको बिशुद्ध सेवा गर्ने थलो हो भन्ने सवक सिकाउनुभयो । बुबा नै त्यो बेलाका कांग्रेस जिल्ला सभापति, सहोदर काका तुलसी गिरी प्रधानमन्त्री, अर्का काका रुद्रप्रसाद गिरी गृहमन्त्री हुँदा पनि उहाँमा कुनै चुरिफुरी तामझाम थिएन । उहाँकै नातेदार भएको शासन व्यवस्थाका स्थायी विरोधी हुनुहुन्थ्यो । राजनीतिक आस्थाकै आधारमा चार वर्ष कठोर जेल जीवन र पटक-पटक निर्वासित जीवन भोग्दै दुःख हण्डर खानुभयो । आफ्नो घरपरिवारको मायामोह, सुख-सयललाई समेत तिलाञ्जली दिनुभयो ।

एकबेला कांग्रेस नेतृ शैलजा आचार्यसँगको प्रेम कहानी खुब चर्चामा आएको थियो । पछि उहाँले दाङकी भारती सेलवालसँग कोर्टम्यारिज गरी श्रीमती र छोरा सुदिपसँग समेत गुमनाम छुटै बसेको रहस्य भर्खर सार्वजनिक भइरहेको छ । प्रदिप गिरीले निजी जीवनबाट मुक्त भएर सार्वजनिक स्वच्छन्द सामाजिक जीवन बाँच्नुभयो । उहाँ कसैको दबाब र प्रभावमा पर्नुभएन र आफ्नो लागि कहिल्यै सोच्नुभएन । केबल राष्ट्र र समाजको लागि मात्र र राष्ट्रलाई विचार र दर्शन दिनुभयो । हक्की, निडर स्वभावका गिरीले एकबेला वीपीले लिएको मेलमिलापको नीतिमा उल्लेखित मेरो राजासँग घाटी जोडिएको छ, राजा बिना राष्ट्र-राष्ट्रियता रहँदैन भन्ने विषयमा विपत्ति राखी विरोध गरी वीपीको आलोचना गर्नुभएको थियो । त्यो बेला वीपी जस्तो ठूलो नेतासँग यस्तो टक्कर दिने कांग्रेसमा अरु कुनै नेता नै थिएनन् । नेपाली कांग्रेसलाई गणतन्त्रात्मक शासन व्यवस्था स्वीकार गर्न बाध्य बनाउने लौह पुरुष हुनुहुन्छ प्रदिप गिरी ।

खासगरी नेपालमा २०१५ सालपछिको नेपाली जनताको पक्षमा भएका गरिएका राजनीतिक परिवर्तन आन्दोलनमा गिरीको भूमिका अग्रभागमा रह्यो । नेपालमा गणतन्त्र र समाजवादका ज्ञाता मार्क्सवादी गुरु गिरी बेद महाभारत साहित्य दर्शन राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र पनि उत्तिकै पोख्त हुनुहन्थ्यो । उहाँले पत्रिकाको सम्पादक, पुस्तक लेखक, भविष्य द्रष्टा दार्शनिक चिन्तकको रुपमा एक बुद्ध पुरुषको परिचय बनाउनुभयो । भारतको जवहारलाल नेहरु विश्वविद्यालयबाट औपचारिकरुपमा दर्शनशास्त्र र राजनीतिमा एमए गर्नुभएको थियो भने जीवनभर स्व-अध्ययन र चिन्तन मननमा लागिरहनुभयो ।

अन्तिम पटक संसदमा सम्बोधन गर्दै गिरीले भन्नुभएको थियो- 'गणतन्त्र घोषणापछि संविधान निमार्णपछि पनि बितेका वर्षमा किन आमजनतालाई लागेन बल्ल हाम्रो पालो आएछ नयाँ नेपाल निर्माण भएछ ।' भनेर तार्किक तर्कहरु पेश गर्दै सरकार र सदनको ध्यानाकर्षण गराउनु भएको थियो । स्पष्ट दृष्टिकोण थियो नेपाली जनताले आदर्श खोज्दैछ नयाँ पुस्तासँग सपना हुनु पर्दछ । सबैको प्रतिनिधित्व अपनत्व हुनेगरी नेतृत्व युवा पुस्तालाई सुम्पन्न पर्दछ । विशेषगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि जुन अनुहार र वर्ग सधैं सत्तामा आएका छन्, उनीहरुले विदा लिनु पर्दछ, नैतिकताको राजनीति गरौं । नयाँ नेपाल निर्माण गर्नका लागि सबै दल, पक्ष, प्रतिपक्ष सरोकारवालाहरु बसेर देशको विकास नीति, परराष्ट्र नीति, राष्ट्रिय नीति-निर्माण गरौं मुलुकमा व्यक्ति होइन, विधि र पद्धतिलाई दह्रो र संस्थागत गरौं -भनेर आवाज उठाइरहनुभयो ।

गिरी नेपाली समकालीन राजनीतिका अत्यन्त आशावादी राजनीतिज्ञ हुनुहुन्थ्यो । संविधान निमार्णपछि भन्ने गर्नुभएको थियो- नेपाल सानो देश र सानो समाज भए पनि गम्भीर चिन्तक बनेर सारसंक्षेप खिच्ने हो भने नेपालमा २००७ सालदेखि आजसम्म भएका राजनीतिक परिघटना चाइनिज क्रान्तिभन्दा व्यापक, रसिन क्रान्तिभन्दा गहन र इण्डियन परिवर्तनभन्दा दूरगामी छ । नेपालको हालको संविधान लेख्नको क्रममा हस्ताक्षर समेत गर्नुभएन । उहाँको जोड संविधानलाई अझ सर्वस्वीकार्य उन्नत समाजवादी बाटो जाने स्पष्ट धर्सा कोर्न सकिन्छ भन्ने रिजर्भेसन थियो । गिरी धारा प्रवाह समाजवादको बहस गर्दा भन्ने गर्नुहुन्थ्यो- पैसा लिएपछि मात लाग्छ, रक्सी पिएपछि मात लाग्छ, व्यक्तिलाई बढी देवत्वकरण गऱ्यो भने मात लाग्छ र उन्माद चढ्छ । त्यसकारण व्यक्ति होइन विधि प्रधानमा उहाँको जोड थियो ।

विख्यात रङ विरोधी राजनीतिज्ञ नेल्सन मण्डेलाले भनेका थिए- आन्दोलनको बेलामा मोर्चाको अग्रभागमा र लाभ र फाइदाको बेलामा पछाडिरहने अरुलाई अवसर दिने नै सच्चा नेता हो । यो उक्ति प्रदिप गिरीको जीवनमा अक्षरशः पालन भएको पाइन्छ । समाजसेवा लोकतन्त्र मानवअधिकार र भुइँ मान्छेको हकअधिकार प्राप्तिको लागि सम्पूर्ण जीवन आहुती दिनुभएको गिरीले काठमाडौं भिमसेन गोलामा रहेको घर बिक्री गरी सिरहाको लहानमा हस्पिटल निर्माण गर्ने सपना पूरा नहुँदै अचानक मृत्युवरण गर्नुभयो । अधुरा सपना पूरा गर्ने जिम्मा नेपाली समाजमा आएको छ । भौतिकरुपमा गिरी हाम्रोसामु नरहे पनि उहाँले दिनुभएको विचार, योगदान नेपाली समाजले सधैं सम्झिरहने छ । नेपाली क्षितिजमा सदा अमर रहने सम्झनामा आइरहे नाम हो- प्रदिप गिरी ।



**अकबरे खुर्सानी भण्डारण गर्दै किसान :** अकबरे खुर्सानी स्थानीय बजारमा प्रतिकेजी १५० रुपैयाँदेखि २५० रुपैयाँमा बिक्री भइरहेको छ । **तस्वीर : रासस**

# 'बालबालिकाले गुणस्तरीय शिक्षा पाउनु नैसर्गिक अधिकार'

**मेचीनगर, भदौ १५।** नेपालका लागि बेलायतको आवासीय राजदुत निकोला पोलाइटले बेलायत सरकार १२ वर्ष उमेर समूहका बालबालिकाले अनिवार्यरुपमा गुणस्तर शिक्षा पाउनुपर्छ भन्ने पक्षमा रहेको बताएकी छन् ।

उनले बुधबार मेचीनगर-१२ स्थित सहरेडागी सरस्वती बाल कल्याण माध्यमिक विद्यालय परिसरमा गोर्खा वयरफेयर ट्रष्टद्वारा निर्मित नवनिर्मित भवनको उद्घाटन कार्यक्रममा यस्तो बताएकी हुन् । कुनै पनि बालबालिका शिक्षाको उज्यालो घामबाट बञ्जित हुन नहुने भन्दै कार्यक्रमका आवासीय राजदुत पोलाइटले नेपालका पनि साना-साना बालबालिकाहरु शिक्षाबाट पर नहुनुपर्ने र हरेक निःशुल्करुपमा गुणस्तर शिक्षा पाउनुपर्नेमा जोड दिइन् ।





यो सुविधासम्पन्न संरचनाबाट यहाँका हरेक बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सक्ने विश्वास लिइएको भन्दै उनले यसलाई यो शिक्षालाई अवसरकारुपमा लिएर प्रयोग गर्न सुझाव दिइन् । उनले बेलायत र नेपालबीचको सम्बन्ध निकै पुरानो र प्रागाढ भएको भन्दै यो सम्बन्ध सधैंभरि जारी रहने बताइन् ।

भवन र पुस्तकालय दुई करोड ४३ लाख ७० हजार पाँच सय ३१ रुपैयाँको लागतमा निर्माण गरिएको हो । २०६६ साल मंसीरमा निर्माण शुरु भएर २०७७ भदौ ४ गते विद्यालयलाई हस्तान्तरण गरी कक्षा सञ्चालन भइरहेको छ ।

कार्यक्रमका मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेतीले गोर्खा वयरफेयर ट्रष्टले सुविधासम्पन्न भवन निर्माण गरेर यहाँको शैक्षिक क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेलेको स्पष्ट पारे । बेलायतको फोक्सटन टाउन र मेचीनगर नगरपालिकाबीच भगिनी सम्बन्ध रहेको भन्दै दुई देशबीचको सम्बन्ध अझ दरिलो र मजबुत हुने विश्वास व्यक्त गरे ।

कार्यक्रममा मेचीनगर शिक्षा शाखा प्रमुख होमनाथ भण्डारी, शिक्षा विकास तथा समन्वय इकाइ झापा प्रमुख राजकुमार विश्वकर्मा, वरिष्ठ क्षेत्र वयरफेयर अधिकृत खेमराज मादेन लगायतले बोलेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सूर्यप्रसाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रधानध्यापक शुक्रराज घिमिरेले गरेका थिए भने सञ्चालन विद्यालयका सहायक प्रधानध्यापक युवराज काफ्लेले गरेका थिए ।

# माइवेनी कृषि सहकारीको सभा



**झापा, भदौ १५।** माई बेनी महिला कृषि सहकारी संस्था लिमिटेड शिवसताक्षी-१० को १२औं साधारणसभा सम्पन्न भएको छ ।

संस्थाकी अध्यक्ष रोहिता मिश्र भट्टराईको अध्यक्षता तथा झापा जिल्ला सहकारी संघकी महिला उपाध्यक्ष चम्पा खनाल सुवेदीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाकी व्यवस्थापक इन्दिरा निरौलाले स्वागत गरेकी थिइन् ।

कार्यक्रममा ज्येष्ठ महिला मेनुकादेवी निरौला, नर्वदा शर्मा खनाल, उत्कृष्ठ कृषक विष्णु थापा, असल ऋणि चन्द्रकला चापागाई, रेखा विक, असल बचतकर्ता गोमा घिमिरे, गौरीमाया योङ्हाङ्ग, एसइईमा उत्कृष्ट जेनिषा थापालाई सम्मान गरिएको थियो ।

कार्यक्रममा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख नरमाया कार्की, वडा नम्वर १० का वडाध्यक्ष हर्कबहादुर सिगु, गैडे कृषि सहकारी संस्थाका अध्यक्ष समध्वज कार्की, ज्येष्ठ नागरिक संघका अध्यक्ष पिताम्बर बराल, माईधाम बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष पदमलाल अधिकारी, गैडे सामुदायिक वनका अध्यक्ष नरबहादुर थपलिया, दोमुखा धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष धनप्रसाद लावती, दिव्यपथ महिला सरोकार समाजकी अध्यक्ष विदुषि विन्दा निरौला बराल लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा संस्थाकी अध्यक्ष भट्टराईले वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् ।

सहकारीको शेयर पुँजी ९३ लाख ४७ हजार लगानीमा रहेको कर्जा दुई करोड ८८ लाख ६० हजार दुई सय ८५ रुपैयाँ , बचत दुई करोड छ लाख ५२ हजार चार सय सात रुपैयाँ ९२ पैसा रहेको र संस्थाको आम्दानी ४७ लाख ५० हजार तीन रुपैयाँ ७५ पैसा रहेको बताइएको छ । त्यस्तै खर्च ४४ लाख तीन हजार चार सय ६६ रुपैयाँ ५२ पैसा र बचत तीन लाख ४६ हजार पाँच सय ३७ रुपैयाँ २३ पैसा रहेको बताइएको छ ।

कार्यक्रमको सञ्चालन संस्थाकी सचिव विमला प्रसाई संग्रौलाले गरेकी थिइन् ।

# अवैध सामान बरामद

**मोरङ, भदौ १५।** मोरङको विराटनगर महानगरपालिका-१२ रोडशेष चोकबाट प्रहरीले भन्सार छली गरी नेपाल भित्र्याउँदै गरेको अवैध सामग्री बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा बीआर ७ के १७२४ नम्बरको ट्याक्टरमा करिब ३७ लाख मूल्य बराबरको विभिन्न प्रकारका मोटर पार्टसहरु भारतबाट अबैधरुपमा भन्सार



छली नेपाल भित्र्याउँदै गरेको अवस्थामा बरामद गरेको हो ।

प्रहरीले बरामद गरेको अवैध सामग्री तथा ट्याक्टर र चालक भारत अररियाका तलुवा मुर्मुसहितलाई आवश्यक कारवाहीको लागि राजस्व अनुसन्धान कार्यालय इटहरी सुनसरीमा बुझाएको र अन्य अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# विद्यालयलाई पुस्तक हस्तान्तरण



**दुहागढी, भदौ १५।** राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा झापा मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयको पुस्तकालयलाई दाताले पुस्तक प्रदान गरेका छन् ।

विद्यालयमा भएको एक कार्यक्रमका बीच स्थानीय समाजसेवी एवम् विद्यालयमा स्थापित हरिप्रसाद, लोकमाया, भगिरथा स्मृति अक्षयकोषका संस्थापक चुडामणि सुबेदी र उनकी धर्मपत्नी चन्द्रकला सुबेदीले ३० हजार मूल्य बराबरको पुस्तक विद्यालयलाई हस्तान्तरण गरेका थिए ।

पुस्तक ग्रहण गर्दै प्रधानाध्यापक विश्व थापाले दाताहरुलाई धन्यवाद दिएका थिए । कार्यक्रममा पुस्तकालय दिवसका महत्वका बारेमा चर्चा समेत गरिएको विद्यालयले जनाएको छ ।

# फस्ट स्टेप उद्घाटन

**बिर्तामोड, भदौ १५।** बिर्तामोडमा फस्ट स्टेप (बेबी स्टोर) सञ्चालनमा आएको छ ।



बिर्तामोडका युवा उद्यमी निखिल मित्तल र अमन मिण्डाले सञ्चालनमा ल्याएको फष्ट स्टेपको औपचारिक रुपमा उद्घाटन गरिएको छ ।

मारवाडी समुदायका अग्रज व्यवसायी द्वारीकाप्रसाद मित्तल र जगदीशप्रसाद मिण्डाले रिवन काटेर उद्घाटन गरेका हुन् । फस्ट स्टेपमा ३ वर्षसम्मका बालबालिकाका लागि चाहिने लत्ताकपडादेखि खेलौनासम्मका सबै सामग्री उपलब्ध हुने सञ्चालक मित्तलले बताए । कब, चिक्को, फार्लिङ, ममलभ ब्राण्डदेखि अन्य ब्राण्डका समेत सात सयभन्दा धेरै प्रकारका सामग्री एउटै छानामुनी उपलब्ध हुने उनले बताए ।

बिर्तामोडस्थित सिटी सेन्टरमा सञ्चालनमा आएको फस्ट स्टेपमा उद्घाटनका अबसरमा २० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको बताइएको छ ।

**सच्याइएको,**
मिति २०७९ भदौ १५ गतेको अंकमा ३ पृष्ठमा प्रकाशित **'कांग्रेस महामन्त्री विश्वप्रकाशद्वारा गोर्खा पोष्टको उद्घाटन'** शिर्षकको समाचारमा **नेकपा एमाले झापा जिल्ला सदस्य देवराज कार्की, नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाई** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । सं.


सेफ्टी ट्याङ्की बोक्ने गाडी बिक्रीमा
चालू अवस्थामा रहेको सेफ्टी ट्यांकी बोक्ने गाडी बिक्रीमा छ ।
सम्पर्क :
९८२५९२७४७७
९८०६०९०७८१

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।
सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

छापाखाना
क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२४३४३, ९८१४०३६३४४

कर्मचारी आवश्यकता
यस कम्पनी सञ्चालक र विस्तारका लागि केही कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।
पद : P.R.O.
संख्या : १० जना (महिला/पुरुष)
शैक्षिक योग्यता : SEE, +२ वा सो सरह
तलब : १५,१०० सम्म
ग्रेट फ्यूचर कम्पनी
बिर्तामोड-४, भद्रपुर रोड( झापा)
सम्पर्क: ९८१४३९७३४०/ ९८२३४६६९२१

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई
सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240
झट्ट फोन झट्ट सेवा


**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेटहुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आज तपाईलाई स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले मन हर्षित हुने देखिन्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन् ।


**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
व्यापार-व्यवसायमा लाभको योग रहेको छ, अन्य क्षेत्रबाट पनि धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
तपाईको आज समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आज तपाइँको समय उत्तम सिद्धी रहेको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला ।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९